बैठक नं: ८५

आज मिति २०७८ माघ २० गते बिहिबार का दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ८५ औ कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री ढिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दर्मै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

अन्य उपस्थिति

१. राम प्रसाद शर्मा नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. डिल्लीलाल श्रेष्ठ अधिकृत आठौं, प्रशासन तथा योजना शाखा
३. विनोद अर्याल लेखा अधिकृत, आर्थिक प्रशासन शाखा
४. शिव सापकोटा अधिकृत छैठौं, आर्थिक विकास शाखा
५. कृष्ण हरी सापकोटा, सूचना प्रविधि अधिकृत, सूचना शाखा
६. शिव पराजुली अधिकृत छैठौं, स्वास्थ्य शाखा
७. शेषराज पौड्याल सहायक पाँचौं, योजना उपशाखा

**मिति २०७८।१०।२० गतेको ८५ औं नगर कार्यपालिकाको बैठकमा छलफल गरी निर्णय भएका विषयहरु**

१, गत महिनाको नगर कार्यपालिकाको निर्णय समीक्षा सम्वन्धमा ।

२, घर नक्सापास सफ्टवेयरका लागि वजेट व्यवस्था गर्ने सम्वन्धमा ।

३, ५ नं. वडाको आधारभूत स्वास्थ्यचौकीको लागि बजेट व्यवस्था गर्ने सम्वन्धमा ।

४, प्रगतिनगर स्वास्थ्य चौकीमा घेरवारको व्यवस्था गर्ने सम्वन्धमा ।

५, एक जना इन्जिनियरको अस्थायी दरवन्दी कायम गरी वजेट व्यवस्था गर्ने सम्वन्धमा ।

६, स्थानीय तहका कर्मचारीहरुको स्तरवृद्धि सम्वन्धी ऐनको कानूनी व्यवस्था सम्वन्धमा ।

७, रजहर आयुर्वेद शाखामा रंगरोगन गर्ने सम्वन्धमा ।

८, पंजीकरण शाखामा कार्यरत कर्मचारीहरुलाइ ५० प्रतिशत रकम समपुरक गर्ने सम्वन्धमा ।

९, विभिन्न वडावाट सिफारिस भइ आएका योजनाहरु रकमान्तर गर्ने सम्वन्धमा ।

१०, सुरक्षित आवासको वडागत घर संख्या एकिन गर्ने सम्वन्धमा ।

११, बेल्चौतरा स्थित बहुलाखोलाको पुल निर्माणका लागि नपुग रकमको व्यवस्था गरी बहुवर्षे योजना कायम गर्नकालागि माग गर्ने सम्वन्धमा ।

१२, ट्रमासेन्टर निर्माणका लागि जग्गा उपलव्ध गराउने सम्वन्धमा ।

१३, नारायणी नदी किनाराको अति जोखिमयुक्त स्थानमा नदी तटवन्धनको लागि रकम माग गर्ने सम्वन्धमा ।

१४, तालिममा सहभागीका लागि सहमती उपलव्ध गराउने सम्वन्धमा ।

१५, नेपाल मा.वि. लाई अनुदान रकम उपलब्ध गराउने सम्वन्धमा ।

१६, नवौं नगरसभा संचालन गर्ने सम्वन्धमा ।

१७, भूमि आयोगको कार्य संचालनका लागि पहल गर्ने सम्वन्धमा ।

१८, नयाँ योजना तथा कार्यक्रम थपगर्ने सम्वन्धमा ।

Scanned with CamScanner

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा गत महिनाको नगर कार्यपालिकाबाट भएका निर्णयको बारेमा समीक्षा गरियो । गत महिनामा कार्यसम्पादन हुन बाँकी रहेका खरको छानो विस्थापित कार्यक्रम, कोभिड प्रभावितहरुको लागि आर्थिक सहायता उपलब्ध गराउने र बेमौसमी वर्षादका कारण धानबालीमा हुन गएको क्षतिको राहत उपलब्ध गराउने सम्बन्धमा यथासक्य छिटो कार्यान्वयनका लागि आ-आफ्नो स्थानबाट तदारुकताका साथ कार्यसम्पन्नगर्ने निर्णय गरियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा देवचुली नगरपालिका कार्यलयबाट सम्पादिन भौतिक संरचनाको नक्सापास अभिलेखीकरण कार्यका लागि नक्सापास सफ्टवेयर प्रयोगमा ल्याउदा नगरपालिका नक्सा शाखा लगायत सवै नगरवासीहरुलाई सहज हुने अवस्था देखिएकोले उक्त कार्यका लागि रु, १० लाख सम्मको रकम विनियोजन गर्नेगरी आगामी नगरसभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत वडा नं. ५ स्थित वन्दिपुरमा गत आ.व.मा जग्गा खरिद गर्न ढीलाइ भएको कारण आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन अधुरो भइ उक्त स्वास्थ्य संस्थाबाट नगरवासीहरुलाइ स्वास्थ्य सेवा उपलब्ध गराउन नसकिएकोले प्राविधिकको परामर्शमा उक्त भवन सम्पन्न गर्नका लागि रु, १० लाखसम्म रकम विनियोजन गर्ने गरी आगामी नगरसभामा स्वीकृतिका लागि पेश गर्ने  निर्णय गर्न गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं.४ उपर छलफल गर्दा प्रगतिनगर स्वास्थ्यचौकी धारापानीको भवनमा कम्पाउण्ड नभई सुरक्षा व्यवस्थामा कठिनाइ पर्न गएको र उक्त स्वास्थ्य चौकीमा तत्काल घेरवार नगरी नहुने देखिएकोले प्राविधिकको परामर्शमा उक्त भवनमा न्यूनतम घेरबारको लागि रु, २ लाख ५० हजार रुपैयासम्म रकम विनियोजन गर्ने गरी आगामी नगरसभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिकाको स्वीकृत संगठन संरचनामा एकजना मात्र इन्जिनियरको दरवन्दी कायम रहेको कारण भौतिक संरचनाको नक्सापास लगायत योजनाहरुको प्रगति मुल्यांकन समयमा सम्पन्न गर्न कठिनाइ परेको देखिएकोले आर्किटेक्ट तथा सिभिल इन्जिनियर थप १ (एक) जनाको अस्थायी दरवन्दी कायम गरी करार सेवा प्रकृयाबाट जनशक्ति छनौट गर्ने,  यस कार्यकालागि चालु आ.व. मा रु, ३ लाख ५० हजार रुपैयासम्म रकम विनियोजन गरी अस्थायी दरवन्दी र बजेट स्वीकृतिका लागि  आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

## निर्णय नं. ६,

प्रस्ताव नं. ६ उपर छलफल गर्दा साविक स्थानीय तहको अवस्थामा प्रचलित कानून बमोजिम स्थायी नियुक्ति भइ हाल यस नगरपालिका वा अन्तरगत कार्यालयहरुमा कार्यरत सहायक स्तर चौथो देखि अधिकृत स्तर छैटौसम्मका विभिन्न पदमा कार्यरत स्थायी कर्मचारीहरुलाइ बढुवा/स्तरबृद्धिका लागि स्वीकृत ऐनमा मुल्यांकनका प्रावधानहरु छुटहुनगएकोले छुट हुन गएका व्यवस्था समेत समावेश गरी "साविक स्थानीय निकायले नियुक्ति गरेका स्थायी कर्मचारीहरुको तह/स्तरबृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको परिमार्जित ऐन २०७८" संशोधन सहित स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७,

प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत रजहर आयुर्वेद शाखाको भवन रंगरोगन नगरी नहुने अवस्थामा देखिएकोले उक्त भवन रंगरोगनका लागि प्राविधिक ल.ई. अनुसार बढीमा रु, १ लाख ५० हजार रुपैयासम्म रकम विनियोजन गर्ने गरी आगामी नगरसभामा स्वीकृतिकालागि पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८,

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत पंजीकरण शाखामा तोकिए अनुसारको कार्य सम्पादनका लागि आगामी आ.व. समेतमा निरन्तरता दिनुपर्ने देखिएकोले एम.आइ.एस.अपरेटर पद २ (दुई) र फिल्ड सहायक पद १ (एक) को नियमानुसार लाग्ने पारिश्रमिक रकमको ५० प्रतिशत रकम आगामी आ.व. को लागि सेवा परामर्श शीर्षकबाट व्यवस्था गरी निजहरुको सेवा निरन्तरताको लागि सम्वन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

## निर्णय नं. ९,

प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगतका विभिन्न वडाहरुबाट विविध कारणले योजना संशोधन गरी सो रकम रकमान्तरका लागि सिफारिस भइ आएकोले माग सिफारिस बमोजिम आगामी नगरसभाबाट समर्थनहुने गरी संशोधित योजनाहरु कार्यन्वयनमा ल्याउनका लागि नगर सभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

(क) देवचुली नगरपालिका वडा नं. १ को गत आ.व. मा कार्य सम्पन्न हुन नसकी चालु आ.व. मा अ.ल्या. अनुसार सि.नं. १८४ मा किशोरी शसक्तिकरण तालिम रु, ५० हजार, सि.नं. १९० को स्वास्थ्य शिक्षा तालिम रु, ५० हजार, सि.नं. १९४ को सफारि चोकमा प्रतिक्षालय निर्माणका लागि रु, ५० हजार बाट प्रतिक्षालय निर्माण हुन नसकेकोले उल्लेखित रकम समेत जम्मा रु, १ लाख ५० हजार सफारि चोकमा पतिक्षालय निर्माणका लागि चालु आ.व. का लागि बजेट व्यवस्था गर्ने ।

चालु आ.व. को सि.नं. २०६ को विपद व्यवस्थापन शीर्षकमा विनियोजित रु, २ लाख ५० हजार

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मध्येबाट रु, २ लाख मुकुन्दे खोला किनारामा रहेको ओमबहादुर बाँटेको (बोटेटोल) घर संरक्षणका लागि तटवन्धन कार्यमा रकमान्तरका लागि माग भइ आए अनुसार कार्यन्वयका लागि इजाजत दिने ।

(ख) देवचुली नगरपालिका वडा नं. २ को सि.नं.२२५ मा अन्जन लोकमार्गमा विनियोजित रकम रु, ५ लाखमा भूलवस प्रधानमन्त्री रोजगार कार्यक्रम समेत समावेश भएकोमा उक्त योजनामा प्रधानमन्त्री रोजगार कार्यक्रम हटाई सो योजना संचालनका लागि रकम नपुग हुन गएमा सम्वन्धित वडाबाट बैकल्पिक व्यवस्था गरी थप रकम मिलाउने ।

(ग) देवचुली नगरपालिका वडा नं. ४ को चालु आ.व. को सि.नं.२५० मा अपाङगता शसक्तिकरण शीर्षकमा विनियोजित बजेट रु, ५० हजारलाइ अपाङगता सम्मान कर्यक्रम शीर्षक कायम गरी कार्यक्रम संचालनका लागि माग भइ आएअनुसार स्वीकृति दिने ।

(घ) देवचुली नगरपालिका वडा नं. ५ को चालु आ.व. मा सि.नं.२८७ मा कदमपुर देखि मिर्तुङग बन्दिपुर मुलबाटो स्तरोन्ती शीर्षकमा विनियोजित रु, ६ लाख ५० हजार मध्येबाट बन्दिपुर अभिषेक चर्च स्तरोन्नतीका लागि रु, १ लाख, अनुग्रह चर्च सतरोन्नतीका लागि रु, २ लाख र बांकी रकम रु, ३ लाख ५० हजार मात्र कदमपुर देखि मिर्तुङ मुल बाटो स्तरोन्नतीका लागि रकम व्यवस्था गर्ने गरी योजना परिवर्तन गरी कार्यान्वयन गर्ने ।

(ङ) देवचुली नगरपालिका वडा नं. ६ को चालु आ.व. को सि.नं.२९८ मा विनियोजित वजेट रु, ५० हजारलाइ मिर्तुङ तटवन्धमा जालीढुङगा भर्ने कार्यमा रकमान्तर गरी कार्यान्वयनमा ल्याउने ।

(च) देवचुली नगरपालिका वडा नं. १० को गत आ.व.को सि.नं. ३६६ मा जनकल्याण डीप बोरिङमा विनियोजित रकम रु, १ लाख सो आ.व. मा कार्य संचालन हुन नसकेकोले गत वर्षको अ.ल्या.वाट चालु आ.व.मा सोही कार्यक्रमस संचालन गर्नेगरी इजाजत दिने ।

(छ) देवचुली नगरपालिका वडा नं. १४ को चालु आ.व. को सि.नं.४४७ मा आयुर्वेदिक सन्देशका साथ विनियोजित रु, ५० हजारबाट रहारा मार्ग मोज्याक टायल विच्छयाउने कार्यक्रमका लागि रकमान्तर गर्ने ।

अन्य कार्यालय संचालन खर्चमा वांकी रहेको रु, १ लाख ४५ हजार रकम सहारा मार्ग मोज्याक टायल विच्छ्याउने कार्यमा रकमान्तर गर्ने ।

सि.नं. ४५० मा विनियोजिन जेष्ठ नागरिक लक्षिक महिला एवं वालवालिका क्षमा कार्यक्रमको रु, १ लाख वडाका भित्रीबाटो ग्राभेलमा रकमान्तर गरी कार्य गर्ने ।

सि.नं. ४४८ को विपद व्यवस्थापनकोषको रु, ४ लाख वडा भित्रका भित्रीवाटो ग्राभेल कार्यमा रकमान्तर गर्ने

(ज) पशु सेवा शाखा रजहरको माग तथा आर्थिक विकास समितिको सिफारिस अनुसार खोरेत रोग विरुद्ध खोप कार्यक्रममा विनियोजित रकम रु, ५ लाखमध्येबाट पशुपालक कृषकहरुलाइ ५०% अनुदानमा च्यापकटर वितरण अनुदानका लागि रु, १,८०,०००।- बोयर जानको वोका वितरण अनुदान २,२०,०००।- बोयर जातको १००% बोका वितरणमा ५०% अनुदानका लागि रु, १,००,०००।- रकमान्तर गरी कार्यक्रम संचालनका लागि इजाजत दिने ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

(झ) देवचुली नगरपालिका वडा नं. १७ को चालु आ.व. को तपसिल अनुसारको शीर्षकलाइ वडाको माग सिफारिस बमोजिम आगामी नगरसभाबाट समर्थनहुने गरी संशोधित योजनाहरु कार्यन्वयनमा ल्याउनका लागि नगर सभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजनाको नाम | तत्काल विनियोजित रकम | परिवर्तन गर्न चाहेको योजना | रकमान्तर स्वीकृत रकम |
|---|---|---|---|---|
| ५३९ | एम्बुलेन्स खरिद | १,०००,००० | बरटांडी कालोपत्रे | १५००००० |
| ५४७ | सिंचाइ पाइपलाइन विस्तार | ५००००० | | |
| ५३४ | कुंजौली जखडी भवन निर्माण | २००००० | कुजौली जीवनराम चोक देखि उत्तर कालिका मन्दिर जाने बाटो कालोपत्रे | ८००००० |
| ५२७ | प्रकोप विपद व्यवस्थापन मध्येको | ४००००० | | |
| ५४१ | धान तथा घांस काट्ने मेसिन खरिद अनुदान | २००००० | | |
| ५२४ | सचेतना क्षमता विकास कार्यक्रम | २००००० | नेपाल सृजना आमा समूहको भवन र स्लेप निर्माण | २००००० |
| ५४८ | पशु व्यवसाय सरसफाइ तथा गोठ सुधार कार्यक्रम | २००००० | जनमिलन आमा समूहको हल निर्माण | २००००० |
| ५२३ | अपांगता पोषण कार्यक्रम | १००००० | महिला जागरण आमा समूहको भवन तारजाली कम्पाउण्ड निर्माण | १००००० |
| ५२७ | प्रकोप व्यवस्थापन मध्येको | १००००० | कुजौली आमा समूह भवनको कम्पाउण्ड निर्माण | १००००० |
| ५२९ | वोटे माझी दलित विपन्नहरुको लागि न्यानो कपडा वितरण | २५०००० | मानव वन्यजन्तु न्यूनिकारणका लागि मेसजाली | २५०००० |
| ५३२ | जेष्ठ नागरिक सम्मान ८० वर्ष पूरा भएको | २००००० | खरको छानो भएकाहरुलाइ घर वनाउनकालागि सिमेन्ट पोल खरिद | २००००० |
| ५२७ | प्रकोप व्यवस्थापन मध्येको | १००००० | कुजौली हडवडे स्लोप निर्माण | १००००० |
| ५२७ | प्रकोप व्यवस्थापन मध्येको | २४०००० | झरेखोला पेटी वाल निर्माण | २४०००० |
| ५२५ | आमा समूह तथा टोल विकास समिति अध्ययन अवोलकन भ्रमण | ५००००० | साझा सुविधा भवनका लागि हल निर्माण तथा व्यवस्थापन | ५००००० |
| ५२८ | फारम खेलकुद समितिलाइ वडा अध्यक्ष स्तरीय खेलकुद कार्यक्रम | ३००००० | विभिन्न टोलमा रहेका खेलाडीहरुलाइ केदकुद सामाग्री दिरख गरी वितरण गर्ने | ३००००० |
| | जम्मा | ४,४९०,००० | | ४४,९०,००० |

**निर्णय नं. १०,**

प्रस्ताव नं. १० उपर छलफल गर्दा संघीय सरकारबाट विशेष अनुदान स्वरुप यस नगरपालिकामा उपलब्ध हुन आएको रकम रु, ८३ लाख मध्येबाट प्राविधिक लागत इष्टिमेट समेतको आधारमा चालु आ.व.मा १२ वटासम्म घर निर्माण हुने अवस्था देखिन आएकोले बोलपत्र प्रकृयाबाट, घटाघटहुंदाका वखत निर्माण हुने घरहरुको संख्या एकिन गर्दा यस अधि सोही प्रकृतिका घरहरु निर्माण भइसेको १३,१५,१७ वडाका हकमा चालु आ.व.मा कम्तीमा २ वटाका दरले ६ वटा घर, वडा नं. १ मा कम्तीमा २ वटा घर पर्ने गरी बाँकी घरहरु वडा नं २ का अति विपन्न व्यक्तिको लागि निर्माण गर्ने गरी घर निर्माण प्रकृया अगाडि वढाउनका लागि निर्देशन दिने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ११,**

प्रस्ताव नं ११ उपर छलफल गर्दा यस नगरपालिका वडा नं १३ र ३ जोड्ने बेलचौतारा स्थित बहुलाखोलामा मोटरेबल पक्की पूल निर्माणका लागि चालु आर्थिक वर्षमा रु. २५ लाख मात्र रकम विनियोजन भएकोमा उक्त रकमबाट सो पूल निर्माण सम्पन्न हुन नसक्ने भएकोले चालु आ.व. मा विनियोजित रकमबाट सो पूल निर्माण प्रकृया अविलम्ब अगाडि बढाउन र आगामी आ.व.मा समेत नपुग रकमको व्यवस्था गरी उक्त योजनालाइ बहुवर्षीय योजनाको रुपमा समावेश गराइ सो मोटरेबल पक्की पूल निर्माण सम्पन्न कार्यमा सम्वन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२,**

प्रस्ताव नं. १२ उपर छलफल गर्दा नवलपरासी (ब.सु.पू) जिल्लामा ट्रमासेन्टर निर्माणका लागि बजेट व्यवस्था भएकोमा उक्त ट्रमासेन्टर यस नगरपालिका अन्तरगत वडा नं. १०, १५ र १७ मध्ये कुनै एक उपयुक्त स्थानमा निर्माण गर्नका लागि यस नगरपालिकाबाट जग्गा उपलव्ध गराउन सकिने भएकोले स्थलगत अनुगमन गरी उपयुक्त स्थानमा ट्रमासेन्टर निर्माणका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३,**

प्रस्ताव नं. १३ उपर छलफल गर्दा नवलरासी (ब.सु.पू) जिल्लाको नारायणी नदी तटवन्धन कार्यक्रम का लागि बजेट व्यवस्था भएकोमा यस नगरपालिका क्षेत्रका वडा नं. १७ को कुंजौली पिप्रहर र वडा नं. १ को दीव्यधाम नजिकको स्थानमा नारायणी नदीले कटान गरी वर्षादको समयमा जुनसुकै बखत नदीले धारपरिवर्तन गरी जोखिम निम्त्याउन सक्ने खतरायुक्त अवस्था देखिएकोले प्राविधिक लागत इष्टिमेटको आधारमा आवश्यक रकम विनियोजन गरी नारायणी नदी नियन्त्रण कार्यका लागि सम्वन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १४,**

प्रस्ताव नं. १४ उपर छलफल गर्दा हाल यस कार्यलयमा कार्यरत सहायक चौथो तहका अमिन श्री खिमराज गौतमले २ वर्षका लागि सर्भेक्षक तालिममा सहभागि हुनका लागि मनोनयन फाराम भर्न पाउनका लागि आवेदन गरेकोले निजलाइ नियमानुसार तालिममा सहभागीहुनका लागि सैद्धान्तिक सहमती दिने निर्णय गरियो ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. १५,**

प्रस्ताव नं. १५ उपर छलफल गर्दा विगत चार दशकदेखि नै (साविक विन्ध्यपुरी गाविस भवन) हाल यस नगरपालिका वडा नं. १ र ३ को संयुक्त वडा कार्यालय भवन र संगै रहेको दुर्गा मन्दिर नेपाल मा.वि को नाममा स्रेस्ता पूर्जा कायम भएको निजी जग्गामा रहेको र हाल विद्यालयको क्षेत्र विस्तारको सिलसिलामा वडा कार्यलय र मन्दिर परिसर सम्मको पहुँचका लागि निकासको थप व्यवस्था गर्नुपर्ने भइ नेपाल मा.वि.बाट निःशर्त अनुदान स्वरुप रकम माग भइ आएकोले नियमानुसार निकास व्यवस्थापन समेतका लागि नेपाल मा.वि.को माग बमोजिम रु, १५ लाख अनुदान स्वरुप उपलब्ध गराउने गरी आगामी नगरसभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६,**

प्रस्ताव नं. १६ उपर छलफल गर्दा यस नगरपालिकाको नवौं नगर सभा मिति २०७८ माघ २८ गते शुक्रवार दिनको ११.०० वजे देखि नगरपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७,**

प्रस्ताव नं. १७ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका भूमिहीन दलित,भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुका लागि गत आ.व.देखि नै जग्गा उपलब्ध गराउनका लागि भूमि आयोग र यस नगरपालिका बीच संझौता भई सो सम्वन्धी प्रकृया अगाडि वढीरहेकोमा साविक भूमि आयोगका पदाधिकारीहरुको पुनर्गठनका कारण हाल उक्त कार्यले निरन्तरता पाउन नसकेको सन्दर्भमा यस क्षेत्रका भूमिहीन नगरवासीहरुले सो सम्वन्धी विषयमा बारम्वार गुनासो गरीरहेकोले यस जिल्लामा सो सम्वन्धी कार्य प्रकृया अगाडि वढाउनका लागि जिल्ला समन्वय प्रमुख मार्फत सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८,**

प्रस्ताव नं. १८ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत विभिन्न वडाहरुमा कुनै कारणवस संचालन गर्न कठिनाइ परेका योजना तथा कार्यक्रमहरु परिमार्जन गर्न र प्रत्येक वडाहरुबाट अधिकत रु, १० लाख सम्मका नयाँ योजना तथा कार्यक्रमहरु तयार पारी मिति २०७८ माघ २३ गते आइतवार दिनको २.०० वजे पुनः नगर कार्यपालिकाको वैठकमा छलफल गराइ आगामी नगरसभामा स्वीकृतिका लागि पेशगर्ने निर्णय गरियो ।

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत